UNITED NATIONS
OFFICE OF THE HIGH COMMISSIONER
FOR HUMAN RIGHTS IN
NEPAL

संयुक्त राष्ट्र संघीय मानव अधिकार
उच्चायुक्तको कार्यालय,
नेपाल

# जारी बन्द तथा राजनीतिक गतिरोधको सन्दर्भमा मानवअधिकारको वर्तमान स्थितिबारे उच्चायुक्तको कार्यालय चिन्तित

२०६५ वैशाख २४

---

रिचर्ड बेनेट
प्रमुख, उच्चायुक्तको कार्यालय-नेपाल

नमस्कार तथा यस पत्रकार सम्मेलनमा यहाँहरूलाई स्वागत छ। काठमाडौं उपत्यका तथा जिल्लाहरू लगायत देशभरिको मानवअधिकारको अवस्थामाथि जारी राजनीतिक गतिरोध तथा अनिश्चितकालीन बन्दले पारेको प्रभावसम्बन्धी उच्चायुक्तको कार्यालय-नेपालको बढ्दो चिन्ताबारे जानकारी गराउन म यहाँ उपस्थित भएको छु। आजको मितिसम्ममा हामी सबैले कुनैपनि निकास स्पष्ट रूपमा नदेखिएको यस स्थितिमा एक हप्ता बिताईसकेका छौं।

बन्दको दौरान विगत दुई दिन यता हिंसा तथा त्रासको बढ्दो स्तरबारे उच्चायुक्तको कार्यालय-नेपाल गम्भीर रूपमा चिन्तित रहेको छ। देशभरि नै खटिएका हाम्रा मानवअधिकार अनुगमनकर्ताहरूले विभिन्न जिल्लाहरू तथा राजधानीमा झडपमा परिणत भईरहेका बढ्दो तनावपूर्ण स्थितिबारे रिपोर्ट गरिरहेका छन्।

शान्तिपूर्वक भेला हुन पाउने तथा मत तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकारलाई समर्थन गर्दै उच्चायुक्तको कार्यालय धाक धम्की, मनोवैज्ञानिक त्रास तथा अन्य हिंसात्मक उपाय लगायत द्वारा बन्दलाई बलपूर्वक लागू गराउने कार्यको विरोध गर्दछ। लामो समयसम्म जारी बन्दले आवतजावतको स्वतन्त्रता तथा स्वास्थ्य, शिक्षा तथा काम गर्न पाउने लगायतका अधिकार तथा स्वतन्त्रताहरूमाथि रोक लगाइएको अवस्था निम्त्याउँछ। विशेषगरि समाजका गरिब तथा विपन्न वर्गले यस बन्दको प्रभावलाई नराम्ररी भोगिरहेका छन्।

हाम्रा अनुगमनकर्ताहरूले काठमाडौका धेरै क्षेत्रहरूमा निराशा र जोरपाटी, बुढानीलकण्ठ र कलंकी लगायतका स्थलहरूमा स्थानीय जनसमुदाय र प्रदर्शनकारीहरू तथा अन्य राजनीतिक दलका कार्यकर्ताहरूबीच झडप बढ्दै गएको देखेका छन् । यो प्रवृति आज एनेकपा माओवादीका प्रदर्शनकारीहरू र आम रैलीमा सहभागीहरूबीच भएको झडपका रूपमा जारी भएको छ । उच्चायुक्तको कार्यालयले नेकपा माओवादीले भीडलाई उत्तेजित पार्ने घुसपैठिया भनिएकाहरूमाथि गरेको हिंसक प्रतिकारको भत्सना गर्दछ ।

पर्सा र बारा (मध्यमाञ्चल), पोखरा र पर्वत(पश्चिमाञ्चल), हुम्ला (मध्य पश्चिमाञ्चल) र पूर्वाञ्चलका ओखलढुंगा, धनकुटा र सप्तरी का धेरै स्थानहरूमा हिंसक झडपहरू भएका छन् । कम्तीमा तीनवटा जिल्लाहरूमा कर्फ्यू लगाईएको थियो । ६ मईका दिन वीरगञ्जमा ज्यादै गम्भीर घटना घट्यो जसमा सुरक्षा फौजले ५० जना व्यक्तिहरू घाईते हुनेगरी अत्याधिक बलको प्रयोग गऱ्यो ।

उच्चायुक्तको कार्यालयले सबै विकास क्षेत्रहरू लगायत देशभरिका मुख्य केन्द्रहरूमा २१ वटा अनुगमन टोलीहरू खटाएको छ । यी टोलीहरूले स्थानीय मानव अधिकार रक्षकहरू, राष्ट्रिय मानव अधिकार आयोग, सुरक्षा फौजहरू तथा प्रदर्शनका आयोजनकर्ताहरूसित सम्पर्क गर्दै साथसाथै आवश्यक परेको खण्डमा हिंसक घटनाहरूलाई हुनबाट रोक्ने प्रयासस्वरूप सकारात्मक हस्तक्षेप गर्दै मानव अधिकारको सम्पूर्ण अवस्थाको अनुगमन गरिरहेका छन् । बन्द जारी रहँदा र तनाव बढ्दै जादा उच्चायुक्तको

कार्यालयका *फिल्डमा* रहेका अनुगमनकर्ताहरूले सबै पक्षहरूलाई अधिकतम संयमता अपनाउन आग्रह गरिरहेका छन् ।

बीरगञ्जको खेदजनक घटना बाहेक उच्चायुक्तको कार्यालयको अनुगमनले सुरक्षा बलहरूले विशेषतः काठमाडौंमा व्यवसायिक ढङ्गमा आफ्नो कार्य सम्पादन गरेको पाएको छ । तनाबलाई अझ बढी न्युनीकरण गरेर मुठभेड रोक्नका लागि सुरक्षा बलहरूले निर्वाह गर्न सक्ने सकारात्मक भूमिकाको बारेमा म जोड दिन चाहन्छु । हिंसा तथा धाक धम्कीबाट नागरिकहरूलाई सुरक्षा प्रदान गर्ने कार्य सम्पादन गर्ने क्रममा सुरक्षा बलहरूले समानुपातिकताको सिद्धान्तको आधारमा काम गर्ने तथा अत्यधिक बलको प्रयोग गर्नबाट टाढा रहने जस्ता दायित्त्वहरूबाट अलग रहनु हुन्न ।

बन्दका प्रारम्भिक चरणहरूमा प्रदर्शनकारीहरूद्वारा अभ्यास गरिएका संयम तथा अनुशासनको उच्चायुक्तको कार्यालयकले अवलोकन गरेको थियो । यद्यपि हालसालका हिंसात्मक घटनाका समाचारहरू ज्यादै नै चिन्ताजनक छन् । त्यस्तै लाठी तथा फलामे बारको प्रयोगमा भएको वृद्धि पनि चिन्ताजनक छ । यो रोकिनु पर्दछ । म सबै पार्टीहरूलाई प्रारम्भिक चरणमा अवलोकन गरिएको जस्तै मात्राको शान्तिपूर्ण व्यवहार तथा संयम प्रदर्शन गर्नका लागि अनुरोध गर्दछु ।

बन्दकर्ताका तर्फबाट अत्यधिक आवश्यक उपभोग्य खाद्य सामग्रीहरूको आपूर्ति सहज गर्ने पहल उत्साहजनक छ । उच्चायुक्तको कार्यालय बन्दकर्ताहरूलाई स्थानीय वासिन्दाहरूले तिनका आफ्ना आधारभूत मानवअधिकार तथा स्वतन्त्रताको उपभोग गरेको तथा आधारभूत सेवा तथा सुविधाहरूमा पहुँच पाएको सुनिश्चित गर्न अनुरोध गर्दछ । उच्चायुक्तको कार्यालय बालबालिकाहरूलाई राजनीतिक उद्देश्यका रूपमा प्रयोग नगरिएको कुरालाई सुनिश्चित गर्न आफ्नो सामर्थ्यले भ्याएसम्मका सबै उपायहरू अपनाउनका लागि गम्भीर आग्रह पनि गर्दछ ।

विस्तृत शान्ति सम्झौताको भावना अनुरूप हुनेगरी देशको राजनीतिक समस्याहरूलाई सम्बोधन गर्नका लागि राजनीतिक दलहरूले महत्त्वपूर्ण कदमहरू चालिनु पर्ने तथा सम्भव भए सम्मका सबै उपायहरूद्वारा हिंसा बन्द गरिनुपर्ने तथा मानवअधिकार सङ्कटको अन्त्य गर्नु पर्ने आवश्यकताका बारेमा उच्चायुक्तको कार्यालयले एक वर्ष भन्दा अघि देखि विशेष जोड दिंदै आइरहेको छ । उच्चायुक्तको कार्यालय राजनीतिक दलहरूलाई आफ्ना मतभेदहरूको अन्त्य गर्न तथा नेपालका सबै मानिसहरूको सर्वोत्तम हितलाई ध्यानमा राख्दै कमजोर बन्दै गइरहेको राजनीतिक गतिरोधलाई अन्त्य गर्नका लागि उच्चायुक्तको कार्यालय विशेष आग्रह गर्दछ ।